लुम्बिनी प्रदेश सरकार
वन,वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

Email: dforukumpurba@gmail.com
Website: dforukumeast.lumbini.gov.np

डिभिजन वन कार्यालय, रुकुम (पूर्वी भाग)

प.सं.-
च.न.-

रुकुमकोट

बाबु राम पोखेल
(नि.डिभिजनल वन अधिकृत)

बोलपत्र आव्हानको सूचना
सूचना नं.०१
प्रथम पटक प्रकाशित मितिः२०८३/०७/१८

यस डिभिजन वन कार्यालय रुकुमकोट,रुकुम(पुर्वी भाग) को आ.व.२०८३/८३४को बजेट उपशीर्षक नम्बर ३२१०९०१२४ (पूँजीगत) खर्च शीर्षक अन्तरगत सिस्ने सब डिभिजन कार्यालयको अधुरो भवन सिस्ने गाँउपालिका वडा नं.-५ मा निर्माण कार्य ठेक्काको प्रक्रिया (bidding) बाट गराउनु पर्ने भएकोले निर्माण व्यवसायी वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वकको बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरुः-

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र,मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,आ.व.२०८२/०८३ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको दस्तुर तिरी(पछि फिर्ता नहुने)यो सूचना प्रकाशित भएको मितिले २२ औ दिन दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक अनुगमन कार्यालयको website **www.bolptra.gov.np** ठेक्काको लागि सक्ने व्यवस्था गरिएको छ ।बोलपत्र साथ नेपाल बैकमा रहेको लुम्बिनी प्रदेश सरकारको राजश्व खाता नं.०२०००००१००१०००००१, कार्यालयको कोड नं.३२९०१५३०१५ र राजश्व शीर्षक नं.१४२२९ मा बोलपत्र दस्तुर दाखिला गरि वा महालेखा नियन्त्रक कार्यालयको राजश्व प्लेट फर्ममा गई यस डिभिजन वन कार्यालयको कोड(३२९०१५३०१५) र राजश्व शीर्षक नं.१४२२९ मा दाखिला गरेको राजश्व भौचरलाई बोलपत्र कागजात साथ **upload** गर्नु पर्नेछ।

२) दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औ दिन दिनको १४:००बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहबरमा खोलिने छ।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनका लागि मान्यता दिईनेछ ।

४) बोलपत्र फाराम साथ जमानत बाफत तोकिएको रकम नेपाल बैक लिमिटेड रुकुमकोट,रुकुम(पुर्वी भाग)मा रहेको (ख-२.३),**प्रदेश लेखा नियन्त्रक कार्यालय धरौटी खाता नं.१८९०२०००००२००३०००००१** मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तीमा १२० औ दिन म्याद भएको विडवण्डको **scan copy** संलग्न गर्नु पर्नेछ ।

५) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६) शर्त रहेको ,रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाहि हुने छैन ।

लुम्बिनी प्रदेश सरकार
वन,वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

Email: dforukumpurba@gmail.com
Website: dforukumeast.lumbini.gov.np

डिभिजन वन कार्यालय, रुकुम (पूर्वी भाग)

प.सं.-

च.न.-

रुकुमकोट

७) यसमा उल्लेखित नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ। बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

बोलपत्र सम्बन्धी कार्यको विवरण

सि.नं.	ठेक्का नं.	कामको विवरण	रकम रु.(भ्याट र कन्टेन्जेन्सी बाहेक)	धरौटी रकम रु.	बोलपत्र दस्तु रु.
१	NCB/DFO/RE/WORKS-०१/०८३/०८४	सिस्ने सब डिभिजन कार्यालय अधुरो भवन निर्माण ।	२१,४३,४५३.९८/-	५५,०००-।	३०००/-

डिभिजनल वन अधिकृत

बाबु राम पोखेल
(नि.डिभिजनल वन अधिकृत)